# बडीमालिका नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
(आर्थिक प्रशासन शाखा )
मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

कवाडीजन्य बस्तुहरु संङ्कलन बिक्री तथा निकासी शुल्क संकलन कार्यको शिलबन्दी बोलपत्र आहान सम्बन्धी सूचना ।
प्रथम पटक प्रकाशित मिति २०७९।०६।१२ गते

यस कार्यालयबाट चालु आर्थिक बर्ष २०७९।०८० का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को बमोजिम बडीमालिका नगरपालिका क्षेत्र भित्रका तपसिलका कवाडीजन्य बस्तुहरु बिक्री तथा निकासी शुल्क संकलनको कार्य बढावढ ठेक्का बन्दोवस्तबाट गर्नुपर्ने भएको हुँदा सम्बन्धित निकाय मा दर्ता भएका इच्छुक फर्म, कम्पनी वा व्यक्तिबाट यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजको अधिनमा रही बोलपत्र फाराम यस कार्यालयबाट खरिद गर्न र १६ औं दिनको १२.०० बजेसम्म शिलबन्दी बोलपत्र दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। शुल्क अशुली सम्बन्धी दररेटको विवरण तथा कर संकलन सम्बन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइने छ। साथै ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयको राजस्व/प्रशासन तथा आर्थिक प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राखेर वा यस नगरपालिकाको वेव पेज www.badimalikamun.gov.np बाट समेत लिन सकिनेछ ।

| सि. नं | ठेक्का नं | ठेक्का विवरण | निकासी गर्न सकिने परिणाम | न्यूनतम अंक मूल्य अभिवृद्धि कर बाहेक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/२०७९।८० | बडीमालिका नगरपालिका भित्रका आर्थिक ऐन स्वीकृत अनुसार बडा नं. १-९ सम्म विभिन्न प्रकृतिका कवाडीजन्य पदार्थहरु (जस्तैःखाली सिसा, प्लाष्टिक, कागज, खाली वोरा, फलाम, आदी ) संकलन तथा निकासी गर्ने कार्य | २४००।० वोरा | रु.२४,०००।०० | रु. १०००।० |

शर्तहरु:

१. बोलपत्र दर्ता गर्दा शिलबन्दी खामको बाहिरपट्टी नाम प्रस्ट बुझिने गरी लेख्नु पर्नेछ ।

२. शिलबन्दी बोलपत्र फारामसाथ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, सम्बन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धिकर सहितको PAN को प्रतिलिपि आफ्नो ठेगाना भएको स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र र आर्थिक वर्ष २०७८/०७९ को आयकर चुक्ता प्रमाण पत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

३. बोलपत्र पेश गर्दा कबोल रकम अंक र अक्षरमा प्रष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

४. दर्ताभएको बोलपत्रहरु फिर्ता सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन अनुसार नै हुनेछ ।

५. यो सुचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ ।

६. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

७. नेपाल सरकार तथा प्रचलित कानुन द्धारा बन्देज गरिएका चिज बस्तुहरुको संकलन तथा निकासि गर्न पाईने छैन ।

८. यस ठेक्काको अवधि सम्झौता भएको मितिले २०८० जेष्ठ मसान्त सम्म मात्र कायम गरिएको छ ।

९. बोलपत्र फारममा कबुल गरेको अंक वापतको रकम यस नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ४०७०१००३०१०१०००२ शिशर्क नम्बर १४५२९ मा दाखिला गरेको सक्कलै भौचर रावश्व उप-शाखामा दाखिला भौचर पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

बडीमालिका नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

(आर्थिक प्रशासन शाखा )

मार्तडी, बाजुरा

सुदूरपश्चिम प्रदेश,नेपाल

१०. गत विगत वर्षमा यस नगरपालिकालाई ठेक्का रकम तिर्न बाँकि बक्यौता रहेको फर्म वा कम्पनीले यो सुचना वमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन ।

११. पेश भएका शिलवन्दी बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २:०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। सो समयमा बोलपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

१२. बोलपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा ती कामहरु क्रमश त्यसपछी कार्यालय खुलेको दिन हुनेछन् ।

रंगमल वि.क

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत